# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश घोराही दाङ

खण्ड ६ संख्या ९८ स्थानीय राजपत्र भाग २ मिति २०७९।११।१८


# नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि २०७९

कार्यपालिकाबाट पारित मितिः२०७९।११।१७ गते

प्रस्तावना :

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखि यूवाहरुलाई धुम्रपान, मद्यपान, लागु पदार्थ सेवनको कुलतबाट जोगाई सु-संस्कृत समाजको निर्माण गर्न, देशको सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई खेलकुद क्षेत्रमा राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा ख्याति आर्जन गर्ने उद्देश्यलाई मुर्त रुप दिन वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ एवं घोराही उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम घोराही उपमहानगरपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत गरी **“नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०७९”** जारी गरिएको छ।

### परिच्छेद – १

### नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम “नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि” रहने छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः-

क) “कार्यविधि” भन्नाले घोराही उपमहानगरपालिका, नगर खेलकुद विकास संचालन सम्बन्धी कार्यविधी, २०७९ भन्ने सम्झनु पर्छ।

ख) “नगर खेलकुद विकास समिति” भन्नाले यस कार्यविधिको दफा ३ को उपदफा (१) बमोजिम गठित समिति भन्ने सम्झनु पर्छ।

ग) “टिम क्लव, संघ, संस्था” भन्नाले घोराही उपमहानगरपालिकामा तोकिए वमोजिम दर्ता भएका घोराही उपमहानगरपालिका क्षेत्र भित्रका टिम, क्लव, संघ संस्था एवं विद्यालयहरुभन्ने सम्झनु पर्छ।

घ) “खेलाडी” भन्नाले टिम, क्लव, संघ संस्था एवं विद्यालयहरुमा सम्बद्ध खेलाडी सम्झन् पर्छ।

ङ) “प्रशिक्षार्थी” भन्नाले घोराही उपमहानगरपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लव, संघ संस्था एवं विद्यालयहरुमासम्बद्ध सिकारु खेलाडी भन्ने सम्झनु पर्छ ।

च) “प्रशिक्षक” भन्नाले घोराही उपमहानगरपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागि प्रशिक्षक, टिम, क्लव, संघ संस्थ एवं विद्यालयमा, खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद प्रशिक्षक भन्ने सम्झनु पर्छ ।

छ) “खेलकुद विकास कोष” भन्नाले घोराही उपमहानगरपालिकाको खेलकुद विकास कोष भन्ने सम्झनु पर्छ ।

ज) “खेलाडी विवरण” भन्नाले टिम, क्लव, संघ संस्थाहरूले आफ्नो टिम, क्लव, संघ संस्थामा आवद्ध भनि प्रमाणित गरी प्रत्येक वर्ष नगरपालिकामा पेश गरेको विवरण भन्ने सम्झनु पर्छ।

झ) “खेलकुद पदाधिकारी” भन्नाले खेलकुद सम्बद्ध समिति, उपसमितिका पदाधिकारी भन्ने सम्झनु पर्छ ।

ञ) “नगरपालिका” भन्नाले घोराही उपमहानगरपालिकालाई सम्झनु पर्छ ।

## परिच्छेद २

**३. नगर खेलकुद विकास समितिका उद्देश्यहरु :**

क) नगरको कला, संस्कृति र खेलकुद विकास र प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमबाट सहयोग पुर्‍याउनु,

ख) नगर क्षेत्रभित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्वद्ध खेल प्रशिक्षण निकायका वीचमा समन्वय गरी खेलको विकास गर्न सहयोग गर्नु ।

ग) स्वस्थ प्रतिस्पर्धाको भावन जागृत गराई देशभक्त, स्वाभिमानी समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तनप्रति सचेत नागरीक तयार गर्नु ।

घ) टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघ संस्थालाई परिचालन गर्नु ।

ङ) खेलकुदको माध्यमबाट नगरवासीहरुलाई नागरिक भावना प्रति सचेत गराउनु ।

च) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्नु ।

छ) खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउनु ।

ज) खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजानु ।

झ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजीवीहरुलाई समेत शारीरीक व्यायाम खेलकुद व्यवस्थ गर्न सहयोग पुऱ्याउनु ।

ञ) घोराही उपमहानगरपालिका भित्रबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउनु।

ट) टिम, क्लव, संघ संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडा स्तरीय खेलकुदसमितिहरुको व्यवस्थापन गर्ने गराउनु ।

ठ) यस उपमहानगरपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्नु ।

ड) नगर खेलकद समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्नु ।

## परिच्छेद –३

## नगर खेलकुद विकास समितिको गठन तथा काम कर्तब्य र अधिकार  वैठक कार्यविधी

**३.नगर खेलकुद विकास समिति गठनः** (१) खेलकुद विकास गर्नको लागि घोराही उपमहानगरपालिकामा देहाय बमोजिमका पदाधिकारी रहने गरी "नगर खेलकुद विकास समिति" रहनेछ ।

क) घोराही उपमहानगरपालिकाको नगरप्रमुखले तोकेको व्यक्तिः **संयोजक**

ख) खेलकुदका विभिन्न विधाका विज्ञहरु मध्येबाट नगर प्रमुखबाट मनोनित : ३ जना सदस्य

ग) नगर, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीबाट कार्यपालिकाबाट मनोनित कम्तीमा **एकजना महिला सहित वढीमा : २ जना सदस्य**

घ) नगर स्तरका खेलकुद सम्बन्धी संस्था तथा क्लवहरुबाट सिफारिस भई आएका व्यक्ति मध्येबाट संयोजकले मनोनित गरेका कम्तिमा १ जना महिला सहित **३ जना – सदस्य**

ङ) सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापक मध्ये नगर प्रमुखद्धारा मनोनित **२ जना – सदस्य**

च) सम्बन्धित शाखाको  शाखा अधिकृत – **सदस्य  सचिव**

(२) नगर खेलकुद समिति अर्न्तगत आवश्यकता अनुसार प्रत्येक वडामा वडा खेलकुद समिति गठन गर्न सकिनेछ ।

(३). नगर खेलकुद समितिका संयोजक तथा सदस्यहरुको पदावधि समित गठन भएको मितिले २ वर्षको हुनेछ । मनोनित पदाधिकारीले सन्तोजनक काम नगरेमा निजहरुलाई पदबाट हटाइ पदाधिकारी जुन माध्यमबाट मनोनीत भई आएको हो सोही माध्यमबाट मनोनयन गर्ने ।

(४) नगर खेलकुद विकास समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

४. **खेलकुद विकास समितिको काम, कर्तब्य र अधिकारः** खेलकुद विकास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) नगर स्तरीय खेलकुद क्यालेण्डरलाई स्वीकृत गर्ने ।

ख स्थानीय स्तरका खेलकुदको लागि भौतिक संरचनाको पूर्वाधार निर्माण, योजना निर्माण सञ्चालन तथा विकास गर्ने ।

ग) खेलकुदको स्तरमा बृद्धि गर्न नगर, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका विभिन्न विधाका खेलकुदको प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने गराउने ।

घ) शिक्षण संस्थाहरुमा प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने,गराउने ।

ङ) शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी आवश्यकता अनुसार पाठ्यक्रम वनाउने, प्रशिक्षण दिने, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने ।

च) खेलकुद सम्बन्धी प्रतियोगिता वा वैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्य गा.पा/न.पा, नगरपालिका, जिल्ला, प्रदेश र संघमा पठाउने ।

छ) स्थानीय स्तरका खेलकुद प्रशासन, शैक्षिक संस्था,क्लव, संघ,संस्था, प्रशिक्षण संस्थाको नियमन र समन्वय गर्ने र आवश्यक निर्देशन दिने ।

ज) स्थानीय सरकारलाई खेलकुद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने ,

झ) खेलकुद सम्बन्धी क्लब, संस्थालाई आर्थिक सहयोगको लागि नगरपालिकामा सिफारिस गर्ने

ञ) खेलकुद सम्बन्धी स्तर बढाउने पुस्तक, पर्चा, चलचित्र वा भिडियो चलचित्र आदिको स्रष्ठा एवम निर्मातालाई प्रोत्साहन गर्ने,

ट) खेलकुदको विकासको लागि आवश्यकतानुसार सम्भव भएसम्म प्रत्येक वडामा खेलकुद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने ।

ठ) नगर भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि नगरपालिका समक्ष सिफारिस गर्ने

ड) अपाङ्गता भएका व्यक्तिहरुमा खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्थापन गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकुदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

ढ) नगरपालिका स्तर, वडा स्तर र विद्यलाय स्तरमा खेलकुद गतिविधि सञ्चालन गर्ने गराउने,

ण) खेलकुद मार्फत् रोजगारीका लागि आवश्यक पहल गर्ने ।

त) खेलकुद विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

५. **सदस्य सचिवको काम कर्तव्य र अधिकार**

क) बैठकको लागि पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने निर्णय प्रमाणिकरण गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामग्री जुटाउने ।

ख) वैठक माईन्यूटिङ उठाउने र वैठक संचालन सम्बन्धी आवश्यक काम गर्ने ।

६. **सदस्यहरुको काम कर्तव्य र अधिकारः**

क) समितिको बैठकमा उपस्थित हुने र निति, योजना निर्माणमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने ।

ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग पुऱ्याउने,

ग) विषयगत खेल प्रशिक्षण समिति, आयोजित खेल, दर्ता टिम, क्लव संस्थाले एवं विद्यालयले आयोजना गरेको, प्रशिक्षण, सभा, गोष्ठीमा नगर खेलकुद समितिले तोके वमोजिम प्रतिनिधीत्व गर्ने र अनुगमन गरी समितिमा सल्लाह दिने ।

घ) समितिको निर्णय वमोजिम तोकिएको जिम्मेवारी वहन गर्ने ।

## परिच्छेद –४

## खेलकुद प्रतियोगिता व्यवस्थापन

७. नगर खेलकुद विकास समिति आफैले वा नगरपालिकाले दर्ता भएका टिम, क्लव, संघ संस्थामार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्नेछ ।

८. नगर खेलकुद विकास समिति आफैले वा नगर भित्रका टिम, क्लव, संघ संस्था मार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय टिमसँग मैत्रीपूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछ।

१०. यस घोराही उपमहानगरपालिका क्षेत्र भित्र कुनै निकाय, संघ संस्था क्लवले खेलकुद प्रतियोगिता संचालन गर्न चाहेमा यस घोराही उपमहानगरपालिकाको नगर खेलकुद विकास समितिको अनुमति लिएर मात्र संचालन गर्नु पर्नेछ । संचालन अनुमती लिनु पूर्व कार्यक्रमको प्रस्ताव पेश गर्नुपर्नेछ ।

## परिच्छेद –५

## नगर क्षेत्र भित्रका टिम, क्लव र संघ संस्थाहरुको दर्ता र व्यवस्थापन

११. घोराही उपमहानगरपालिका भित्रका टिम, क्लव, समिति र संस्था एवं विद्यालय आदिले नगर खेलकुद विकास समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकासको लागि टिम, क्लब र संघ संस्था दर्ता गर्न चाहेमा सम्वन्धित वडा अध्यक्षको सिफारीस सहित निवेदन आएमा खेलकुद समितिले दर्ता गर्ने निर्णय गरी दर्ता अभिलेख राख्नु पर्नेछ । दर्ता गरिएका टिम, क्लब, संस्थाले वार्षिक रुपमा नवीकरण शूल्क सहित निवेदन गरी नवीकरण गर्नुपर्ने छ ।

१२. खेलकुद टिम, क्लब र संस्था दर्ता गर्न रु.१०००। दर्ता शुल्क लाग्नेछ । दर्ता गरिएका टिम, क्लब र संस्थाहरुलाई वार्षिक नविकरण गर्न  रु.५००। शुल्क लाग्नेछ । ५ वर्षसम्म  नविकरण नगराएमा स्वतः  उक्त संस्था खारेज भएको मानिनेछ ।

१३. दर्ता भएका टीम, क्लव, संघ संस्थाले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडी नगर खेलकुद विकास समितिबाट स्वीकृति लिनुपर्नेछ ।

१४. दर्ता र नवीकरण गर्नु भन्दा पहिले नगर खेलकुद विकास समिति वा समितिले तोकेको प्रतिनिधीद्वारा सम्बन्धित ठाउँको निरीक्षण गर्नुपर्नेछ ।

क) नगरको परिचय तथा कला, संस्कृतिमा विशेष योगदान पुऱ्याउने प्रतियोगिताहरुको सम्वन्धमा उपमहानगरपालिकाले आवश्यक आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद –६

## खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

१५. नगरपालिकाले राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ।

१६. खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

१७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तर्राष्ट्रिय भ्रमण खर्च एवम् पूरस्कारको लागि समेत प्रतियोगिताहरुमा सहभागि भएका खेलाडी वा प्रशिक्षकहरुको सम्मान वधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

१८. घोराही उपमहानगरपालिकाको कला, संस्कृति र खेलकुद विकासका लागि आवश्यकता अनुसार टीम, क्लव, संघ संस्थाका प्रतिनिधीहरुको ज्याली वा वैठक बोलाउन सक्नेछ ।

## परिच्छेद –७

## खेलकुद प्रतियोगिता व्यवस्थापन

१९. अन्तर स्थानीय तह लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आवद्ध टीम, क्लव, संघ संस्था वा विद्यालय कलेजलाई सहभागी गराईनेछ ।

२०. नगर खेलकुद विकास समितिले सिफारिस गरे वमोजिम सहभागी हुन जाने टीमका खेलाडी प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ ।

(१) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र पारवहनका लागि हुने खर्च उपलब्ध गराईनेछ ।
(२) प्रतियोगिता खेल अवधिभर तथा प्रशिक्षण गराउदा खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई नगर खेलकुद विकास समितिले निर्णय गरे अनुसार भत्ता उपलब्ध गराईनेछ ।
(३) खेलकुद पोशाकका हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई नगर खेलकुद समितिले निर्णय गरे अनुसार  उपलब्ध गराईनेछ ।
(४) जिल्ला बाहिर प्रतियोगितामा भाग लिन जाँदा आउदा यथासंम्भव स्थल मार्ग र सार्वजनिक यातायात प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद –८

## तालिम तथा प्रशिक्षण व्यवस्थापन

२१. नगर खेलकुद समितिले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिनेछ ।

२२. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा समितिबाट नगरपालिकालाई अनुरोध गरी स्वीकृति भए अनुसार गरिनेछ ।

## परिच्छेद –९

## आचार संहिता

२३. आचार संहिताः खेल सम्वन्धी विषयका खेलाडी, समितिका संयोजक तथा सदस्य, कर्मचारी, लगायत सम्वन्धित सवैले देहाय बमोजिमको आचार सहिता पालन गर्नु पर्नेछ।

१) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल संचालनको समयमा कुनै पनि प्रतिवन्धित लागु पदार्थ, लागु औषध, मादक पदार्थ सेवन गर्न पाइने छैन ।

२) नैतिक पतन हुने फौजदारी अभियोगमा दोषी ठहरिएको खेलाडीलाई टिमबाट हटाइने छ ।

३) खेलको विजय पश्यात पाउने शिल्ड, ट्रफि कहि कतै बेच्न धरौटी राख्न वा उपहार दिन पाइनेछैन । तर कुनै दर्तावाला क्लव विघटन हुन गई उक्त क्लवले प्राप्त गरेका शिल्ड, ट्रफि नगरपालिकाको स्वीकृतीमा अर्को दर्तावाला क्लवलाई उपहार दिन भने बाधा पर्ने छैन ।

४) खेलको निर्णायक टिम राख्दा वा तोक्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइने छैन ।

५) खेल संचालनका वेलामा हुने जुनसुकै विवादका बारेमा निर्णायक टिमको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

## परिच्छेद -१०

## नगर खेलकुद विकास कोषको व्यवस्था

२४. **नगर खेलकुद विकास कोषः** (१) खेलकुद सम्वन्धी तालिम प्रशिक्षण, प्रतियोगिता लगातयका क्रियाकलाप सञ्चालनका लागि घोराही उपमहानगरपालिकामा नगर खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको स्रोत देहाय बमोजिम हुनेछ ।

क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तर्राष्ट्रिय संस्था वा कुनै व्यक्तिवाट प्राप्त हुन सक्ने नगद,

ख) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

ग) नगर भित्रका टीम, क्लव र संस्था दर्ता आवेदन शुल्क, नवीकरण शुल्क,

(घ) घोराही उपमहानगरपालिकाबाट प्राप्त अनुदान रकम

(३) यस कोषको संचालन नगर खेलकद विकास समितिको निर्णय अनुसार हुनेछ ।

(४) नगर खेलकुद समितिको अध्यक्षले वढीमा रु. १०,०००।- सम्म कोषवाट खर्च गर्न सक्नेछ । यसरी गरिएको खर्च समितिको वैठकबाट अनुमोदन गरी नियमानुसार फछर्यौट गर्नुपर्नेछ । नगर खेलकुद विकास समितिका पदाधिकारीहरुलाई वैठक भत्ता वापत नगर खेलकुद विकास कोषबाट खर्च हुने गरी रु.१००० बैठक भत्ता उपलब्ध गराइनेछ ।

## परिच्छेद -११

## खेलकुद पुर्वाधार निर्माण तथा मर्मत

२५. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्वन्धीत प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।

२६. विशेष तरिकाले मर्मत गर्न सम्वन्धित प्राविधिक कहाँ लानु पर्ने भएमा प्रशिक्षकको मागअनुसार नगर खेलकुद समितिले कोषबाट मर्मत संभार गरिनेछ । तर रकम अपुग भई कोषवाट खर्च गर्न नसकिने भएमा समितिले नगरपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ ।

२७. खेलकुद पूर्वाधार (स्टेडियम, खेलकुद भवन, मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न नगर खेलकुद समितिको निर्णयअनुसार माग भई आएका नगरपालिकाले यस्तो पूर्वाधारको निर्माण अधिकतम सहभागिताको आधारमा गर्नेछ ।

## परिच्छेद -१२

## विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था

२८. नगर खेलकुद विकास समितिको मातहतमा रहने गरी खेल प्रशिक्षण, सैद्धान्तीक कक्षा संचालन र दक्ष अनुशासित खेलाडी तयार गर्ने कार्यमा सम्बन्धित खेल प्रशिक्षकलाई आवश्यकता अनुसार विषयगत खेल, आवश्यक निर्देशन, सल्लाह र सहयोग गर्न आवश्यक प्रशिक्षण समिति गठन गरिनेछ। विषयगत खेल प्रशिक्षण समिति सम्वन्धी अन्य व्यवस्थाहरु देहाय वमोजिम हुनेछः

क) नगर खेलकद विकास समितिले तोकेको संयोजकको अध्यक्षतामा सम्वन्धित खेल प्रशिक्षक रहने गरी ३ देखि ५ सदस्य रहने गरी विषयगत खेल प्रशिक्षण समिति गठन गरिनेछ ।

ख) यस समितिले विषयगत खेल प्रशिक्षण, संचालन, रेखदेख, निरिक्षण नियन्त्रण व्यवस्थापन गर्नेछ ।

ग) यस समितिले सम्वन्धित खेलकुद प्रति जनमानसको आकर्षण वढाउने कार्य गर्नेछ ।

घ) प्रशिक्षणको लागि आवश्यक सामग्री जुटाउन मद्दत गर्नेछ ।

ङ) प्रशिक्षण केन्द्रबाट संचालन हुने ग्रेडिङ्, प्रतियोगिता, गोष्ठी र कक्षा संचालनमा सहयोग गर्नेछ।

च) प्रशिक्षण केन्द्रमा धार्मिक, सम्प्रदायिक एवं अन्य खराव दुर्व्यसन आदिबाट प्रशिक्षण कार्यको वातावरण धमिल्याउन नदिने तरिकावाट प्रशिक्षण कार्य अघि बढाउने छ ।

छ) नगर खेलकुद विकास समितिको नीति, नियम र निर्देशनलाई पालन गर्ने र गर्न लगाउने छ ।

ज) प्रशिक्षार्थीलाई अन्य संस्थाबाट खेल्ने अनुमति र प्रशिक्षकलाई अन्य संस्थामा प्रशिक्षण कार्य वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउने छ ।

झ) यस समितिको वैठक संयोजकले तोकेको मिति, स्थान र समयमा आवश्यकता अनुसार बस्नेछ।

ञ) नगर खेलकुद विकास समितिको निर्देशानुसार सम्वन्धीत खेलको लागि वार्षिक कार्य तालिका बनाउनु पर्नेछ ।

ट) अनुशासन सम्बन्धी कार्वाही गर्ने क्रममा गल्तीको अवस्था हेरी स्पष्टीकरण, चेतावनी वा निलम्वन गर्न सक्नेछ । तोकेको अवधीमा पनिआचरण सुधार नभएमा निष्काशन गर्न सक्नेछ ।

## परिच्छेद -१३

## विविध

२९. **सल्लाहकार समितिको गठनः** नगर खेलकुद विकास समितिले आवश्यकता अनुसार सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

३०. यस कार्यविधिमा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

३१. प्रतिवेदनः समितिको बार्षिक प्रतिवेदन संयोजकले कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

३२. बाधा अडकाउ फुकाउने अधिकारः यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

३३. यस कार्यविधिमा आवश्यकता अनुसार नगरकार्यपालिकाले आवश्यक संशोधन गर्ने छ ।

अनुसूची –१

(दफा ११ संग सम्वन्धित)

घोराही उपमहानगरपालिका

नगरकार्यपालिकाको कार्यालय

घोराही, दाङ

मितिः.....................

**संस्था दर्ता प्रमाणपत्र**

संस्थाको नाम :......................................................................

ठेगाना ..........................................................................

दर्ता हुँदा बखत रहनु भएका पदाधिकारी संख्याः................

दर्ता हुँदा बखत रहनु भएका अध्यक्षको नाम :

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाणपत्र प्रदान गरिएको छ । घोराही उपमहानगरपालिकाको खेलकुद विकास समितिको कार्यविधि र विधानको अधिनमा रही खेलकुद सम्वन्धी गतिविधिहरु संचालन गर्ने अनुमति प्रदान गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

घोराही उप–महानगरपालिका घोराही, दाङ

संस्था नवीकरणको विवरण

| क्र.स. | संस्थाको नाम | नवीकरणको भएको मिति | नवीकरण दस्तुर | नवीकरण गर्ने कर्मचारीको नाम र हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले,

भोजराज घिमिरे

प्रमुख प्रशासकीय अधिकृत